## दशरथचन्द नगरपालिकाको वालबालकिा ओसार पसार नियन्त्रण निर्देशिका २०७५

**प्रस्तावना :**

मानव समाजको विकासक्रम संगै बाल बाालिका ओसार पसारको कार्य शुरु भएको समयहालसम्म एकीनका साथ कसैले किटान गर्न सकेको पाइदैन । वर्तमान एक्काइसौं शताब्दिमा समेत बाल बाालिका ओसार पसारका कार्यहरु कलंकका रुपमा रहेको छ यो समस्या विश्वमै एक चुनौतिपूर्ण विषय बनेको छ । विशेषगरी वाल वालिकाहरुलाई ललाई फकाई विना ज्याला वा सस्तो ज्यालामा काममा लगाउन सकिने भएका कारण पनि बाल वालिकाहरु ओसार पसारका सिकार बन्दै आएका छन । बाध्यात्मक तथा बाल विवाह देखि बाल श्रम, बाल दासत्व, धर्मपुत्रधर्मपुत्रीका रूपमा शोषण, प्रक्रिया पूरा नगरी बँधुवा श्रम तथा दासत्व, मानव अङ्ग प्रत्यारोपण, यौन दासत्व, व्यावसायिक यौन शोषण आदि विभिन्न उद्देश्यका लागि मानव बेचबिखन गरिने गरेको अध्ययन अनुसन्धानले देखाउँदछ ।

नेपालको बढ्दो जनसंख्या, सहरीकरण, वेरोजगारी तथा गरिवीका कारण बाल श्रम तथा यौन धन्दामा लाग्न वाध्य वनाउने जस्ता बेचबिखनका क्रियाकलापहरू समयको अन्तरालसंगै विभिन्न रुपमा बढिरहेको स्थिति छ खासगरी सहरोन्मुख बजार तथा राजमार्ग केन्द्रित स्थानका सहरहरूका होटेल रेष्टुराहरू र घरेलु काममा लगाउने नाममा बढिरहेको बाल श्रम तथा यौन धन्दाले व्यावसायिक रुप लिदै गरेको पाइन्छ । आफ्नै परिवारका सदस्य तथा नातेदार हरूसमेत मानव वेचविखन तथा ओसारपसार कार्यमा स्थानीय दलालको रुपमा संलग्न रहने गरेको अवस्थाले बाल बालिका ओसार पसार तथा वेचविखनले दिन प्रति दिन जटिल रुप लिइरहेको देखिन्छ ।

वैतडी जिल्लाको सन्दर्भमा माथि उल्लेखित सवैखाले समस्याहरु नरहेतापनि घर परिवारको आर्थिक तथा सामाजिक अवस्था कमजोर भएका कारण बाल बालकिाहरु पुर्चौडी नगरपालिका , डिलाशैनी गाउपालिका ,दोगडाकेदार गाउपालिका ,सुनर्यागाउपालिका र छिमेकी जिल्लाहरुबाट सदरमुकाम तथा भारतका विभिन्न स्थानहरु (झुलाघाट,वड्डा,पिथौरागड)मा आफन्त तथा छिमेकीहरुबाट ओसार पसार भई श्रम गर्न बाध्य छन नेपालमा मानव बेचबिखन तथा ओसारपसारविरूद्धका कार्यहरूको सञ्चालन कार्य नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ वमोजिम महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले तोकेको कार्य क्षेत्र भित्र रही दशरथचन्द नगरपालिका बैतडीले वालबालकिा ओसार पसार नियन्त्रण निर्देशिका २०७५ तयार गरेको छ

**परिच्छेद १**

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस निर्देशिकाको नाम "बाल बालिका ओसार पसार नियन्त्रण निर्देशिका, २०७५ रहेको छ" ।

१.२. यो निर्देशिका दशरथचन्द नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२.परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा ,

(क) "निर्देशिका" भन्नाले "बाल बालिका ओसार पसार नियन्त्रण निर्देशिका, २०७५ बुझ्नु पर्नेछ ।

(ख) "कोष" भन्नाले "बाल बालिका ओसार पसार नियन्त्रण, उद्धार तथा पुर्नस्थापनाका लागि परिचालन गरिने विशेष कोष सम्झनुपर्छ

(ग) "समिति" भन्नाले दशरथचन्द नगरपालिको बाल संरक्षण समिति तथा विशेष कोष सञ्चालन , व्यवस्थापन समिति बुझ्नुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले दशरथचन्द नगरपालिका सम्झनुपर्छ ।

(ङ) "नगर" भन्नाले दशरथचन्द नगरपालिकाको भौगोलिक सीमानालाई सम्झनुपर्छ ।

(च) "ओसार पसार" भन्नाले कुनै न कुनै रुपमा शोषण गर्ने वा नाफा कमाउने उद्देश्यले प्रलोभनमा पारी, झुक्याई, डर त्रास देखाई कुनै पनि बाल बालीकाहरुलाई उसको इच्छाविपरित जवरजस्ती कुनै पनि कार्य गर्न बाध्य तुल्याइने अवस्थालाई पुर्‍याउने कार्यलाई बुझिन्छ सम्झनुपर्छ ।

(छ.) "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका बालबालिकाहरुलाई सम्झनु पर्दछ ।

(ज.)संविधान भन्नाले नेपालको संविधान २०७२ बमोजिम बालबालिका को हकलाई सम्झनु पर्दछ

(झ.)"वाल क्लब" भन्नाले बाल समुह, वडास्तरीय बालक्लब, नगरस्तरीय बालसञ्जाल, बालमञ्च सम्झनु पर्दछ ।

(ञ.)" बालश्रम "भन्नाले कुनै बालबालिकाहरू जीविकोपार्जनको लागि वा श्रमिकको रूपमा समय तोकेर शिक्षा, मनोरन्जन, विकास, सहभागिताबाट बन्चित हुने गरी काममा लगाइएको छ भने त्यसलाई सामान्यतः बालश्रम भनिन्छ

## परिच्छेद -२

**३.परिकल्पना :**

दशरथचन्द नगरपालिका तथा नगरपालिकाको सीमा क्षेत्रहरुबाट हुने बाल बालीका ओसार पसारका घटनाहरुलाई न्युनिकरण गरी दशरथचन्द नगरपालिकालाई बाल बालीका ओसार पसारमुक्त नगरपालिकाको नामले परिचित गराउने ।

**४. लक्ष्य :**

वाल श्रम , बाल विवाह, यौन व्यवशायमा संलग्न गराउने अभिप्रायले नगरपालिका , छिमेकी गाउपालिका तथा छिमेकी जिल्लाहरुबाट दशरथचन्द नगरपालिका भित्र प्रवेश गर्ने बाल बालिकाहरुको पुर्नस्थापना तथा उद्धारमा सहयोग पुर्‍याउनु निर्देशिकाको लक्ष्य रहेको छ ।

**५..उदेश्य :**

१.बालबालिकाको संरक्षण र बाल अधिकारको सम्बर्धनका लागि दशरथचन्द नगरपालिका भित्र तथा सीमा क्षेत्रका गाउपालिका तथा जिल्लाहरुमा हुने बाल बालिका ओसार पसार तथा बेचबिखन गतिविधीहरु अन्त्य गर्ने कार्यमा समवन्धित सरोकारवाला संगको समन्वय तथा सहकार्यमा कार्य गर्ने

२.वालश्रम ,वाल विवाह , बाल यौन दुर्व्यवहार जस्ता कार्यहरुलाई नगरपालिका भित्र पुर्ण रुपमा निषेध गर्ने ।

३.बाल अधिकारका ४ वटा बाकसहरुलाई पुर्ण रुपमा कार्यान्वयन गराउने ।

CamScanner

**सवल पक्षहरु :**

क) बालबालिकाहरुको अधिकार संरक्षणका लागि विभिन्न दातृ निकायहरु , साभेदार संस्थाहरुबाट दशरथचन्द नगरपालिका लाई ( युनिसेफ नेपालबाट) निरन्तर आर्थिक तथा प्राविधिक सहयोग ।

ख)बाल बालीकाहरुको समग्र विकासका लागि राज्य द्वारा ऐन कानुन तर्जुमा ।

ग)नगर स्तरीय बालमैत्री समन्वय समिति, वडा स्तरीय समन्वय समिति, वडा स्तरीय बाल क्लब, नगरस्तरीय बाल संजाल र प्रत्येक वडामा बाल संरक्षण समिति गठन ।

ग)सरोकारवाला , राजनीतिक दलका प्रतिनिधी, नगर कार्यपालिका, बाल श्रम मुक्त न.पा.का लागि प्रतिवद्ध ।

घ) नेपाल भारतको प्रमुख नाका भुलाघाटमा बाल बालिका ओसार पसार नियन्त्रणका लागि सीमा चौकीबाट सहयोग ।

ङ.)दशरथचन्द नगरपालिका बैतडी द्वारा सञ्चालन गरिने बाल श्रम तथा बाल विवाह न्यूनीकरणका कार्यक्रमहरुमा सरोकारवालाहरुबाट सहयोग प्राप्त भइरहेको ।

**अवसरहरु :**

- दशरथचन्द नगरपालिका कार्यपालिकाका पदाधिकारीहरु बाल श्रम तथा वाल विवाह न्युनीकरणका लागि लागिपरेका छन ।
- दशरथचन्द नगरपालिका कार्यपालिकाका पदाधिकारीहरुलाई बालअधिकार सम्बन्धि ज्ञान भएकाले बाल बालीका ओसार पसार नियन्त्रण गर्न सहज भएको ।
- दशरथचन्द नगरपालिकाले आफ्नो निति तथा कार्यक्रममा बालबालिकाहरुका सवाल लाई समावेश गर्दै गइरहेको ।
- दशरथचन्द नगरपालिका भित्र रहेका सवै प्रहरी चौकी प्रमुखहरुलाई बाल अधिकार तथा बाल संरक्षणबाट अभिमुखीकरण गरीएको ।
- बालबालिकाहरुको क्षेत्रहरुमा काम गर्ने विकास साभेदारहरु जस्तै : युनिसेफ को आर्थिक प्राविधिक सहयोग निरन्तर पाईरहनु ।

**चुनौतिहरु :**

- आफन्त , नातेदार तथा छिमेकीहरुबाट नै वाल बालकिहरु बाल श्रमका लागि विभिन्न स्थानमा ओसार पसार हुनु
- आर्थिक अभाव र घरेलु हिंसाका कारण बाल बालिकाहरु घर छाडेर वाहिर निस्कनु ।
- 
- छिमेकी जिल्ला, गाउपालिका तथा अन्य स्थानहरुबाट बाल बालिकाहरु बाल श्रमका दशरथचन्द नगरपालिका तथा भारतका विभिन्न स्थानमा प्रवेश गर्नु ।
- अभिभावकहरुमा बाल श्रमको असर प्रभाव वारे सचेतना नहुनु
- वाल श्रममा लागेकाबालकहरु घर फर्कन नमान्नु ।

- यातायात व्यवसायीहरु बाल श्रम प्रति गम्भीर नहुनु ।
- होटल व्यवशायिहरुं वाल श्रम वारे गम्भीर नहुनु ।
- नेपालले बाल अधिकारको क्षेत्रमा गरेका प्रतिवद्धतानुसार कानुनी ,संस्थागत सयन्त्रको विकास नहुनु ।

**दशरथचन्द नगरपालिका बैतडी द्धारा बाल बालीका ओसार पसार नियन्त्रणका लागि अवलम्वन गरिने कृयाकलापहरु :**

- दशरथचन्द नगरपालिका भित्र कार्यरत सरकारी गैर सरकारी संघ संस्थाहरुको समन्वय तथा सहकार्यमा वाल बालीकाहरुको अधिकार संरक्षणका क्रियाकलापहरु सञ्चालन गर्ने ।
- गलत नियतले (बाल श्रम ,वाल विवाह,बाल यौन दुर्ब्यवहार)ओसार पसार हुन गइरहेका बाल बालिकाहरुलाई समबद्ध सरोकारवालाहरुको सहयोगमा उद्धार तथा पुर्नस्थापना गर्ने ।
- गलत नियतले (बाल श्रम , वाल विवाह,बाल यौन दुर्ब्यवहार) ओसार पसार हुन गइरहेका बाल वालिकाहरुको लागि आपकालिन सहायता तथा उद्धार कोष स्थापना गर्ने ।
- आर्थिक कठिनाई तथा घरेलु हिंसाका कारण शिक्षा आर्जन गर्नबाट बंचित भई बर्हिगमन हुन गइरहेका बाल वालीकाकाहरुको लागि उनीहरुको उमेर र क्षमता अनुसार सीपमुलक तालिम सञ्चालनगर्ने ।
- सवै जात जाती ,समुदायका बाल बालीकाहरुलाई सामाजिक सुरक्षाको दायरा भित्र ल्याउन सवै वडा तहको योजना तर्जुमा प्रक्रियामा बाल बालीकाहरुका मुद्धाहरुलाई समावेश गर्ने ।
- दशरथचन्द न.पा.भित्र बाल अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरुको समन्वय तथा सहकार्यमा वाल बालिका ओसार पसार नियन्त्रण समबन्धी चेतनामुलक अभियान गोष्ठीहरु सञ्चालन गर्ने ।
- दशरथचन्द न.पा., बाल अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरु, जिल्ला प्रहरी कार्यालय, होटल व्यवशायिहरु, यातायात व्यवशायिहरुको समन्वय तथा सहकार्यमा बाल बालीका ओसार पसारका घटनाहरुलाइ न्युनिकरण गर्ने ।
- गलत नियतले (बाल श्रम , वाल विवाह,बाल यौन दुर्ब्यवहार) ओसार पसार हुन गइरहेका बाल वालिकाहरुको लगत सकलन गरेर उनीहरुका लागि मनोपरामर्श सेवा सञ्चालन गर्ने ।
- ओसार पसार हुन गइरहेका बाल बालिकाहरुलाई नियन्त्रण उनीहरुका अभिभावकहरु सग पुर्नमिलन तथा पुर्नस्थापनाको वातावराण मिलाउने ।
- दशरथचन्द नगरपालिका द्धारा संचालन गरिने कार्यक्रमहरुमा बाल अधिकार तथा बाल संरक्षणलाई विशेष ध्यान दिदै बाल श्रम तथा बाल हिंसाका गतिविधीहरु पुर्ण रुपमा निरुत्साहित गर्ने ।
- प्रत्येक वडा तथा टोल स्तरमा विभिन्न संघ संस्थाहरु संग समन्वय गरेर बाल संरक्षण समबन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

CamScanner

- बालश्रम आधुनिक सभ्य समाज को कलंक हो भन्ने मान्यतालाई आत्मसात गर्दै बाल श्रम गराउने ब्यापारी , होटल ब्यवशायिलाई स्थानीय तहबाट आवश्यकतानुसार कार्ययोजना तर्जुमा गरेर कार्वाही प्रक्रिया अगाडी बढाउने कार्यमा सहजीकरण गर्ने ।
- बाल अधिकार ,बालश्रम समबन्धी नीति तथा कानुनको बारे स्थानीय तहका पदाधिकारी तथा होटल ब्यवशायि,उपभोक्ता समिति , अभिभावक, शिक्षक ,महीला स्वयंसेविकाहरुलाई अभिमुखीकरण गर्ने ।

**बाल बालिका ओसार पसार तथा बेच विखन समबन्धी कानुनी प्रावधान :**

**पृथ्वीनाराण शाहबाट लागु गरिएको नीति :**

नेपालकोएकीकरणपश्चात बि.सं. १८२५ मा पृथ्वीनारायण शाहको बनेपा, धुलिखेललगायत सात गाउँका मानिसहरूलेकमाराकमारी राख्न नपाउने घोषणले यस कुरालाई पुष्टि गर्दछ । मुलुकी ऐनको आफ्नो श्रीमती बेच्ने व्यक्तिलाईअन्य मानिस बेच्नेलाई हुने ७ वर्षको कैदको अलावा थप सजाय हुने, कुनै व्यक्तिलाई विदेशको कोइलाखानीर समुद्रपार लाने-पठांउने कार्य दण्डनीय हुने, कसूरको सुराकीलाई असूल भएको सजायको अंशबाट बकसदिइने र यस्ता मुद्दाहरू सरकारवादी हुने व्यवस्थाले मानव बेचबिखन तथा दासताविरूद्ध तत्कालका राज्यसंचालकहरू ज्यादै संवेदनशील रही मानव बेचविखन रोक्न विभिन्न नीति अपनाएको देखिन्छ

**मुलुकी ऐन, २०२० :**

मुलुकी ऐन, '२०२०मा मानिसको बेचबिखनलाई अपराध मानी सजायको व्यवस्था र २०३३ मा यसमा भएको छैठौं संशोधनलेमानिसको बेचबिखनलाई अरु थप सजायको व्यवस्था आदि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकालागि गरिएका कानूनी प्रावधान हुन् ।'जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३' लाई मानव बेचबिखन तथा ओसारपसारबिरूद्धकोविशेष ऐन मान्नु पर्दछ । यस ऐनले कुनै पनि उद्देश्यले मानिस बेचबिखन गर्न, बेचबिखन गर्ने उद्देश्यले कुनैमानिसलाई विदेशमा लैजान, कुनै व्यक्तिलाई ललाई फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डरत्रास,दवावमा पारी अन्य कुनै तरिकाले वेश्याबृत्तिमा लगाउन अथवा त्यस्तो कार्य गर्न सहयोग पुर्‍याउने समेतलाईसजायँको भागीदार बनाउने प्रावधान तोकेको देखिन्छ ।

**चेलीबेटी र बालबालिका बेचबिखन तथा देह व्यापार बिरूद्धको राष्ट्रिय नीति**

नेपालमा बि.सं.२०५२ सालमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थापनासंगैमानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि औपचारिकरुपमा विशेष प्रयासको थालनी भएको पाइन्छ ।"चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार बिरूद्धको राष्ट्रिय नीति, २०५२" को तर्जुमापश्चातमानव बेचबिखनबिरूद्ध कानूनको निर्माण गरी जनचेतना अभिबृद्धिको अभियान सञ्चालन शुरु भएको देखिन्छ ।सो नीतिमा पीडित/प्रभावितको न्यायमा पहुँच, प्रभावितहरूको व्यावसायिक सीप विकास र आत्मनिर्भरता,चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणका लागि स्थानीय स्तरसम्मको संरचना बिस्तार तथा अन्तर्राष्ट्रियक्षेत्रसंगको समन्वय लगायतका बिषयहरू उल्लेख रहेको छ ।

**मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ :**

नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसारको कार्यलाई कानूनद्वारा नियन्त्रण गर्ने हेतुलेसर्वप्रथम 'जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३' जारी गरेको थियो । वर्तमान विश्व परिवेशमाअन्तर्राष्ट्रिय संगठित अपराधको रूपमा विकसित मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई सम्बोधनगर्न सो ऐनको प्रावधान पर्याप्त नभएकोले अरु बलियो कानूनी प्रावधानको आवश्यकता महसुस गरी नेपालसरकारले सो ऐन खारेज गरी 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र 'मानव बेचबिखनतथा ओसारपसार (नियन्त्रण) ' नियमावली, २०६५' लागू गरेको देखिन्छ । यी ऐन तथा नियमावलीले मानववेचविखनसम्वन्धी मुद्दालाई सरकारवादी मुद्दा बनाएको छ । मानव बेचविखन तथा ओसारपसारको

- बालश्रम आधुनिक सभ्य समाज को कलंक हो भन्ने मान्यतालाई आत्मसात गर्दै बाल श्रम गराउने व्यापारी , होटल व्यवसायिलाई स्थानीय तहबाट आवश्यकतानुसार कार्ययोजना तर्जुमा गरेर कार्वाही प्रक्रिया अगाडी बढाउने कार्यमा सहजीकरण गर्ने ।
- बाल अधिकार ,बालश्रम सम्बन्धी नीति तथा कानुनको बारे स्थानीय तहका पदाधिकारी तथा होटल व्यवसायि,उपभोक्ता समिति , अभिभावक, शिक्षक ,महीला स्वयंसेविकाहरुलाई अभिमुखीकरण गर्ने ।

**बाल बालिका ओसार पसार तथा बेच बिखन सम्बन्धी कानुनी प्रावधान :**

**पृथ्वीनाराण शाहबाट लागु गरिएको नीति :**

नेपालकोएकीकरणपश्चात बि.सं. १८२५ मा पृथ्वीनारायण शाहको कांपा, धुलिखेललगायत सात गाउँका मानिसहरूलेकमाराकमारी राख्न नपाउने घोषणले यस कुरालाई पुष्टि गर्दछ । मुलुकी ऐनको आफ्नो श्रीमती बेच्ने व्यक्तिलाईअन्य मानिस बेचेलाई हुने ७ वर्षको कैदको अलावा थप सजाय हुने, कुनै व्यक्तिलाई विदेशको कोइलाखानीर 'समुद्रपार लाने-पठाउने कार्य दण्डनीय हुने, कसूरको सुराकीलाई असूल भएको सजायको अंशबाट बकसदिइने र यस्ता मुद्दाहरू सरकारवादी हुने व्यवस्थाले मानव बेचबिखन तथा दासताविरुद्ध तत्कालका राज्यसंचालकहरू ज्यादै संवेदनशील रही मानव बेचबिखन रोक्न विभिन्न नीति अपनाएको देखिन्छ.

**मुलुकी ऐन, २०२० :**

मुलुकी ऐन, '२०२०मा मानिसको बेचबिखनलाई अपराध मानी सजायको व्यवस्था र २०३३ मा यसमा भएको छैठौं संशोधनलेमानिसको बेचबिखनलाई अरु थप सजायको व्यवस्था आदि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकालागि गरिएका कानुनी प्रावधान हुन् ।'जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३' लाई मानव बेचबिखन तथा ओसारपसारविरुद्धकोविशेष ऐन मान्नु पर्दछ । यस ऐनले कुनै पनि उद्देश्यले मानिस बेचबिखन गर्ने, बेचबिखन गर्ने उद्देश्यले कुनैमानिसलाई विदेशमा लैजाने, कुनै व्यक्तिलाई ललाई फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डरत्रास,दवावमा पारी अन्य कुनै तरिकाले वेश्यावृत्तिमा लगाउन अथवा त्यस्तो कार्य गर्न सहयोग पुर्‍याउने समेतलाईसजायँको भागीदार बनाउने प्रावधान तोकेको देखिन्छ ।

**चेलीबेटी र बालबालिका बेचबिखन तथा देह व्यापार/विरुद्धको राष्ट्रिय नीति**

नेपालमा बि.सं.२०५२ सालमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थापनासँगैमानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि औपचारिकरुपमा विशेष प्रयासको थालनी भएको पाइन्छ "चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार विरुद्धको राष्ट्रिय नीति, २०५२" को तर्जुमापश्चातमानव बेचबिखनविरुद्ध कानुनको निर्माण गरी जनचेतना अभिवृद्धिको अभियान सञ्चालन शुरु भएको देखिन्छ ।सो नीतिमा पीडित/प्रभावितको न्यायमा पहुँच, प्रभावितहरूको व्यावसायिक सीप विकास र आत्मनिर्भरता,चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणका लागि स्थानीय स्तरसम्मको संरचना विस्तार तथा अन्तर्राष्ट्रियक्षेत्रसङ्गको समन्वय लगायतका विषयहरू उल्लेख रहेको छ ।

**मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ :**

मानव बेचबिखन तथा ओसारपसारको कार्यलाई कानूनद्वारा नियन्त्रण गर्ने हेतुलेसर्वप्रथम नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसारको कार्यलाई 'जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३' जारी गरेको थियो । वर्तमान विश्व परिवेशमाअन्तर्राष्ट्रिय संगठित अपराधको रूपमा विकसित मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई सम्बोधनगर्न सो ऐनको प्रावधान पर्याप्त नभएकोले अरु बलियो कानुनी प्रावधानको आवश्यकता महसुस गरी नेपालसरकारले सो ऐन खारेज गरी 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र 'मानव बेचबिखनतथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५' लागू गरेको देखिन्छ । यी ऐन तथा नियमावलीले मानव बेचबिखन तथा ओसारपसारको मानवबेचबिखनसम्बन्धी मुद्दालाई सरकारवादी मुद्दा बनाएको छ ।

मुद्दामाअभियोग लागेपछि प्रमाणको भार पुऱ्याउने दायित्व सम्बन्धित अभियुक्तको हुनेजस्ता कडा प्रावधानहरू यसऐनमा राखिएका छन् । यसैगरी यस ऐनमा मानिस बेच्ने र किन्ने दुवैलाई उत्तिकै दोषी मानी दण्ड सजायहुने प्रावधान गरिएको छ । बाह्य क्षेत्रीय अधिकारको व्यवस्थाअनुरूप नेपालभित्र वा बाहिर जुनसुकै क्षेत्रमागरिएका मानव बेचबिखनसंबन्धी अपराधहरूको लागि समान सजाय हुने व्यवस्था तोकिएको छ । मानवबेचबिखनसम्बन्धी सूचना जो कोहीले नजिकको प्रहरी कार्यालयमा दिन सक्ने व्यवस्था रहेको छ । मुद्दालाईपीडितमैत्री बनाउन सुनुवाईका लागि बन्द इजलासको व्यवस्था, पीडितको बयान दर्ता भई एक पटकअदालतबाट प्रमाणित भैसकेको अवस्थामा पुनः दोहोऱ्याएर दिन् नपर्ने, पीडित, साक्षी तथा सूचनादाताकोसंरक्षण र क्षतिपूर्तिजस्ता प्रावधानहरू उल्लेख्य छन् । यी ऐन तथा नियमावलीमा पीडित पुनर्स्थापनासम्बन्धीविशेष व्यवस्थाका साथ पुनर्स्थापना केन्द्रहरूको सञ्चालन विधिसमेत उल्लेख गरिएको देखिन्छ ।

**वैदेशिक रोजगार नीति**

विश्वमा रोजगारका लागि एक देशबाट अर्को देशमा जाने प्रचलन धेरै अघिदेखि चल्दै आएको तथ्यविभिन्न दस्तावेजहरूबाट थाहा हुन आउँछ । नेपालबाट वैदेशिक रोजगारका लागि विदेश जाने चलन पनि निकैपुरानो हो । नेपाल सरकारले वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र भरपर्दो बनाउन आवश्यकनीति भने निकै ढिलोगरी "वैदेशिक रोजगार नीति, २०६८" तर्जुमा गरी सुरु गरेको पाइन्छ । यस नीतिकोमहिला तथा बालबालिका बेचबिखन तथा ओसारपसार एक बहुआयामिक, बहुक्षेत्रगत एवं विश्वव्यापी समस्या हो । यसलाईसमाजको जघन्य अपराधको रुपमा लिईन्छ र नेपाल पनि यस समस्याबाट अछुतो छैन । एकातिर यस अपराधजन्य कार्यमा संलग्न पक्षहरूलेसमाजमा रहेको गरीवी र पछौटेपनको फाइदा उठाई रहेका छन् भने अर्को तिर ती अपराधजन्य कार्यमा संलग्नहरूलाई कानूनको दायरामाल्याउन र दण्डित गर्ने कार्य चुनौतीपूर्ण भएको छ । विगतमा खुल्ला सिमानाका कारण छिमेकी देश भारतमा यौन शोषणका लागि बेचबिखनहुने गरेकोमा केही वर्षयता नेपालका आन्तरिक बजार र वैदेशिक रोजगारीका लागि हुने श्रम आप्रवासनको क्रममा पनि मानव बेचबिखनतथा ओसारपसारको क्रम सुरु भएपश्चात मानव बेचबिखनको आयाम र स्वरुपमा परिवर्तन आएको छ । यौन शोषण, दासता, मानवअंग प्रत्यारोपण, जोखिमपूर्ण कार्य, मनोरञ्जन, वैदेशिक रोजगारी, पेपर म्यारिज तथा घरेलु काम लगायत विभिन्न शोषणजन्य कार्यहरूकोलागि महिला तथा बालबालिकाहरूको बेचबिखन हुने गरेको पाईन्छ । प्राकृतिक प्रकोप, विपत्ति, असहज अवस्थाले आफ्नो वासस्थानबाटविस्थापित हुन पुगेका महिला तथा बालबालिकाहरू बेचबिखनमा पर्न सक्ने भै अपराध नियन्त्रणमा थप जटिलताको सामना गर्नु परेको छ ।महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय समितिलाई मानवबेचबिखन तथा ओसारपसार विरुद्धको विषय हेर्नको लागि सम्पर्क निकायको रुपमा तोकिएको छ । आ.व.२०६९/२०७० देखि महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा यस विषयलाई हेर्न छुट्टै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको शाखा स्थापनागरिएको छ । अबका दिनमा मानव बेचबिखन विषेश गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रियकार्ययोजना २०६८, पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित प्रभावितहरूको हेरचाहतथा संरक्षणमा राष्ट्रिय न्यूनतम मापदण्ड २०६८ लगायतका कानुनी दस्तावेजको प्रभावकारी कार्यन्वयन ।

**बालबालिका सम्बन्धी राष्ट्रिय नीति**

नेपाल सरकारको "बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९" ले मूलतः बालबालिकाहरूको संरक्षण,विकास, सहभागिता तथा न्यायमा जोड दिएको पाइन्छ । यस नीतिले लिएका मुख्य उद्देश्यहरु देहायबमोजिमरहेका छन् :

(क) बालबालिकाहरूलाई सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग,उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट सरक्षण गर्ने ।

(ख) बालबालिकाहरू जन्मनुअघि र जन्मेपछि आवश्यक स्याहार, पोषण र शिक्षा प्रदान गरी उनीहरूकोशारीरिक, मानसिक र शैक्षिक विकास गर्ने ।
(ग) बालबालिकाहरूसंग सम्बद्ध विषयहरूमा आफ्नो विचारहरू अभिव्यक्त गर्ने अवसर दिई बाल सहभागिता अभिबृद्धि गर्ने ।
(घ) बालबालिका बिरूद्धको बिभेद अन्त्य गर्ने ।

**नेपालको संविधान :**

नेपालको वर्तमान संबिधानले कुनै पनि महिला, पुरूष र बालबालिकालाई बेचबिखन गर्न, दास वा बाँधाबनाउन र इच्छा बिरूद्ध काममा लगाउन नपाईने व्यवस्था गरेको छ । हिंसा, शोषण तथा अनुचित प्रयोग गर्ननपाइने व्यवस्था गरीबालबालिका र महिलाका विशेष अधिकारहरू प्रत्याभूत गरिएको छ ।संविधानको धारा २९ को शोषण विरूद्धको हकअन्तरगत (३) ले प्रष्टरुपमा मानव बेचविखनलाई निषेधगरेको छ । यस प्रावधानमा कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन भन्ने उल्लेखगरिएको छ । यसैगरी धारा ३८ को महिलाको हक र धारा ३९ मा बालबालिकाको हकको व्यवस्थाबाट पनिमहिला तथा बालबालिकाको बेचविखन तथा ओसारपसार कार्यलाई निषेध गरेको देखिन्छ ।

**मुलुकी ऐन :**

मानव बेचंविखन तथा ओसारपसार कार्यलाई निषेध गरेका नेपालको विभिन्न कानूनहरूमध्ये मुलुकीऐन एक महत्वपूर्ण कानून हो । यस ऐनको भाग ४ जीउ मास्ने बेच्नेको महल ११ ले प्रष्टरुपमा मानिस बिक्रीगर्ने कार्यलाई रोक लगाई दण्डनीय तोकेको छ । मानिस बिकी गर्ने कार्यमा संलग्न हुने मानिसलाई विभिन्नकिसिमका जेल सजाय तथा दण्ड जरीवाना तोकीएको छ । बिक्री गर्ने उद्देश्यले कसैले कुनै मानिसलाईललाई फकाई नेपाल सरहदबाहिर लैजान वा लगि बिक्री गर्न नहुने उल्लेख गरेको छ । सोह्र वर्ष नपुगेकानाबालकलाई वा कुनै उमेरको भएपनि मगज बिग्रेका मानिसलाई कानूनी संरक्षकको मञ्जुरीबेगर उसकोसंरक्षकत्वबाट छुटाउन वा छुटाउनको निमित्त ललाउन फकाउन नहुने, कसैले कसैलाई कमारा कमारीबनाउन, दास तुल्याउन वा बाँधा बनाउन नहुनेजस्ता विविध कानूनी व्यवस्थाहरूको प्रावधानबाट मुलुकी ऐनलेमानव बेचविखन तथा ओसारपसार कार्यलाई नियन्त्रण गर्ने व्यवस्था गरेको देखिन्छ ।

**अन्य ऐन तथा नियमावलीहरू :**

**ऐनहरू**

बालबालिकासम्बन्धी ऐन, २०४८
बाल श्रम (निषेध र नियमित गर्ने ऐन, २०५६
कमैयाश्रम (निषेध गर्ने सम्बन्धी) ऐन, २०५८
लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न वनेको ऐन, २०६३
वैदेशिक रोजगारसम्बन्धी ऐन र नियमावली, २०६४
घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
कार्यस्थलमा हुने यौनजन्य हिंसा निवारण ऐन, २०७१

**नियमावलीहरू**

बालबालिकासम्बन्धी नियमावली, २०५०
बाल न्याय (कार्यविधि) नियमावली, २०६३
घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७
लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७
आपतकालीन बाल उद्धार कोष (सञ्चालन) नियमावली, २०६७

CamScanner